आज मिति २०८१/१०/२७ गते बिहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख
१९ आमन्त्रित श्री प्रदिप पौडेल, सुचना प्रविधि अधिकृत

**प्रस्तावहरु :-**

१) स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को अंक अनुमोदन गर्ने सम्बन्धमा।

२) संघिय समपुरक र विशेष योजना माग गर्ने सम्बन्धमा।

३) विविध।

**निर्णयहरु:-**

| सि.नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन | १) रिब्दीकोट गाउँपालिकाको आ.व. ०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) मा जम्मा ९५.२५ अंक प्राप्त भएको विवरण कार्यालयबाट पेश हुन आएकोमा उक्त मुल्याङ्कन विवरण उपर छलफल गरी अनुमोदन गरियो। | |
| २. | प्रशासन | १) संघिय समपुरक र विशेष योजना अन्तर्गत प्राप्त योजनाहरुको प्राथमिकता निर्धारण गरि तोकिएको मितिमा पठाउन सम्बन्धित निकायमा माग गर्ने योजनाहरुको सम्बन्धमा छलफल गरियो। | |
| ३. | विविध | क) वडास्तरीय सवै योजनाहरुको सम्झौता २०८१ फागुन मसान्त भित्र गरी २०८२ वैशाख मसान्त भित्र सम्पन्न गर्ने।<br>ख) मिति २०८१/११/१ देखि ३ गते सम्म वडा नं. ५ को नयाँ टोलामा संचालन हुने राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सम्पन्न गर्न सबैले सहयोग गर्ने।<br>ग) मिति २०८१/१०/३० गते वडा नं. ३ को वरडाँडा स्थित सरस्वती माध्यमिक विद्यालय भवनको प्राङ्गणमा संचालन गर्ने गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमलाई सफलताका साथ सम्पन्न गर्न प्रत्येक वडाबाट समेत प्रचार प्रसार गर्ने तथा सार्वजनिक सुनुवाईमा उठेका जिज्ञासा तथा प्रश्नको उत्तर सम्बन्धित विषयगत शाखा प्रमुख, वडा कार्यालयहरु र जनप्रतिनिधीले दिने व्यवस्था मिलाउने।<br>घ) गाउँ शिक्षा समितिको मिति २०८१/१०/२५ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।<br>ङ) दोस्रो रिब्दीकोट रैनादेवी छहरा सुन्तला महोत्सव २०८१ सम्पन्न गर्दा भएको खर्च विवरणका सम्बन्धमा छलफल गरियो।<br>च) मिति २०८१/११/११ गते देखि पोखरामा संचालन हुने जीवन विज्ञान शिविरको जानकारी गरियो। साथै उक्त शिविरमा सहभागी हुन इच्छुक जनप्रतिनिधी तथा कर्मचारी व्यक्तिगत खर्चमा सहभागी हुने निर्णय गरियो। | |

नारायण बहादुर कार्की
गाउँपालिका अध्यक्ष

CamScanner

| सि.नं | विषयगत शाखा | निर्णय व्यहोरा | कैफियत |
|---|---|---|---|
| ३. | विविध | छ) कन्टिपोखरा देउराली शान्तिचौर जोगिथुम मोटर बाटो (RRM/NCB/Works-06-080/81) को सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२१ बमोजिम १०% पूर्व- निर्धारित क्षतिपूर्ती लिई सिलवाल कन्स्ट्रक्सनलाई भुक्तानी दिने। | |
| | | ज) भैरवस्थान मन्दिरमा आउने भक्तजनहरुको सवारी साधन व्यवस्थित गर्न अति आवश्यक भएको हुँदा विगत वर्ष देखि पार्किङ्ग स्थल निर्माण गर्ने प्रयोजनका लागि तोकिएको निम्न जग्गाहरु कम्तिमा १५ वर्षका लागि न्यूनतम मूल्यमा भाड़ामा लिई पार्किङ्ग स्थल संचालन गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो।<br>**तपशिल :**<br>(१) राज कुमार श्रेष्ठको नाममा भएको रिब्दीकोट गाउँपालिका वडा नं ४ मा रहेको कि.नं. ४०० क्षेत्रफल ७-१०-२-३<br>(२) श्री शिवजी गुठीको नाममा रहेको स्व. सुर्यकला थापा मोही रहेको वसन्त वहादुर थापा, राम बहादुर थापा, सुजित थापा र कमल थापाको हक लाग्ने जग्गा रिब्दीकोट गाउँपालिका वडा नं ४ मा रहेको कि.नं. ३१८ क्षेत्रफल ९०७६.००७ वर्ग मिटर | |

CamScanner